




# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं।
- विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१४ ।। अङ्क : २२४ ॥ २०७९ असोज १० गते सोमबार (25th Sep 2022 Monday) **Pratidin** National Daily dNo-?-%÷-


# बिर्तामोड नगरपालिकाले लगानी नरोके प्रतिरोध गर्ने




बिर्तामोड(प्रस)। करिव एक साताअघि युवा नागरिक समाजले फोहोरमैला व्यवस्थापनका लागि निजी कम्पनीमा सरकारी बजेट लगानी नगर्न बिर्तामोड नगरपालिकाको ध्यानाकर्षण गरायो । तर, नगरपालिकाले नटेर्ने संकेत देखायो । त्यही भएर अब युवा नागरिक समाजले कडा प्रतिरोधमा उत्रिने जनाएको छ । 'हामीले आग्रहसहित बिर्तामोड नगरपालिकाको ध्यानाकर्षण गराएका थियौं , खबरदारी गरेका थियौं' पत्रकार सम्मेलनमा समाजका अध्यक्ष केशवकुमार भण्डारीले भने,'अब हामी कडा प्रतिरोधमा उत्रिन्छौं ।'आफूहरुले ध्यानाकर्षण गराउँदा नगरपालिकाले एकलौटी गरेको निर्णय लागु हुँदैन र पुनर्विचार हुन्छ भन्ने विश्वास लागेको थियो भन्दै उनले नगरका जनप्रतिनिधिहरुलाई नगरवासीहरुको अमूल्य मतलाई लत्याएर अमुक कम्पनीमा लगानी नगर्न चेतावनी दिए ।' पव्लिक कम्पनी भनेर जनतालाई भुक्याउँदै निजी कम्पनीमा लगानी गर्न खोज्ने ?'उनले प्रश्न गर्दै भने,'निजी कम्पनीमा नगरपालिकाको लगानी गर्ने होइन , निजी लगानी पनि सरकारी स्वामित्वमा ल्याइनु पर्छ ।' समाजका सचिव निराजन ओलीले नगरपालिकाले साझेदारी कार्यक्रम गर्दा आफ्नो स्वामित्वमा गर्नुपर्ने नीतिगत व्यवस्था रहेको जिकिर गरे । उनले कानूनी हिसावले त्यो स्वच्छ नभएको भन्दै उनले नगर प्रमुख पवित्रा महतारा प्रसाईको स्वयं लगानी रहेको त्यस कम्पनीमा नीतिगत भ्रष्टाचार गरी नगरपालिकाले लगानी गर्न खोजेको दावी गरे । 'घुमाइ फिराई कमाई खान मात्र खोजेको हो ' उनले भने,'जग्गा खरिदमा पनि ठूलै कमिशनको खेल भएको छ ।' जग्गा खरिदमा पाएको कमिशनले नै केही व्यक्तिले शेयर हालेको उनको दावी थियो ।

उनले बिर्तामोड नगरपालिकाले फोहोरको उचित व्यवस्थापन गर्न नसकी फोहोरमा राजनीतिक दलले कमाउने धन्दा गरेको आरोप लगाए ।

समाजका सहसचिव पुष्प पाठकले बिर्तामोड नगरपालिकाले फोहोर ब्यबस्थापन गर्न नसकेको र निजी कम्पनीको आडमा दलगत स्वार्थ रहेको बताए ।

कार्यक्रममा सल्लाहकार संयोजक जयनारायण ढुङ्गाना, सल्लाहकार सदस्यहरु जानुका थापा मगर, प्रकाश सिटौला, वरिष्ठ उपाध्यक्ष डिल्लीराम सुब्बालगायतले बोलेका थिए । कार्यक्रम सचिव ओलीले सञ्चालन गरेका थिए ।

बिर्तामोड नगरपालिकाले कनकाईमा रहेको एक निजी कम्पनीमा दुई करोडभन्दा बढी रकम लगानी गर्ने निर्णय गरेपछि त्यसको विरोध भएको हो । पाँचदलीय गठबन्धनले यसअघि त्यस निर्णयको विरोध गर्दै निर्णय कार्यान्वयन नगर्न चेतावनी दिइसकेका छन् ।

## प्रधानमन्त्रीपत्नीदेखि मेडिकल व्यापारीसम्म बन्दसूचीमा

झापा (प्रस)। शेखर कोइराला समूहले आगामी चुनावमा कांग्रेसभित्र ४० प्रतिशत सिट नपाए विद्रोह गर्ने चेतावनी दिइरहेका बेला सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवानिकट नेताहरूलाई समानुपातिकको बन्दसूचीमा राखेको पाइएको छ। निर्वाचन आयोगमा बुझाइएको प्रतिनिधिसभा समानुपातिकतर्फको बन्दसूचीमा देउवापत्नी आरजु राणा देउवादेखि गृहमन्त्री बालकृष्ण खाँणकी पत्नी मञ्जु खाँणसम्म अटाएका छन् ।

बन्दसूचीमा सभापति देउवानिकट नेतामात्रै होइन व्यापारिक पृष्ठभूमिका व्यक्तिहरूलाई पनि राखिएको छ । बन्दसूचीको ७ नम्बरमा व्यापारी अनिल रुँगटाको नाम छ भने नेपालगन्ज मेडिकल कलेजका सञ्चालक डा. सुरेशकुमार कनोडियाको पनि नाम सूचीमा रहेको छ ।

त्यस्तै ठगी मुद्दामा मुछिएका अर्का मेडिकल कलेज सञ्चालक खुमाप्रसाद अर्याललाई पनि कांग्रेसले समानुपातिकको बन्दसूचीमा राखेको छ । अर्याल गण्डकी मेडिकल कलेजका सञ्चालक हुन् । उनीविरुद्ध ३ वर्षअघि ठगी मुद्दामा अदालतले पक्राउ पुर्जीसमेत जारी गरेको थियो । पछि उनी सुटुक्क अदालतमा उपस्थित भएर १७ लाख धरौटी बुझाएर रिहा भएका थिए ।

त्यस्तै पूर्वउपसभापतिद्वय विमलेन्द्र निधि र गोपालमान श्रेष्ठको नाम पनि बन्दसूचीमा रहेको छ भने वर्तमान सहमहामन्त्रीद्वय फरमुल्लाह मन्सुर र जीवन परियार पनि समानुपातिकबाटै चुनाव लड्ने भएका छन् ।

त्यसैगरी पूर्वराष्ट्रपति डा. रामबरण यादवका छोरा डा. चन्द्रमोहन यादवको नाम पनि बन्दसूचीमा रहेको छ । उनी गत महाधिवेशनमा मधेसी कोटामा केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । उनी शेखर समूहनिकट नै मानिन्छ । त्यसैगरी

❖ बाँकी अन्तिम पृष्ठमा

## झापा २ मा टिकट पाउनेमा ढुक्क छु– जेके



बिर्तामोड(प्रस)। संघीय निर्वाचनका लागि झापा क्षेत्र नं २ बाट उम्मेदवार आकांक्षीको सिफारिसमा परेका नेपाली कांग्रेसका जलकुमार गुरुङले टिकट पाउने कुरामा आफू ढुक्क रहेको बताएका छन् । उनले आइतवार एक अपिल जारी गरी कांग्रेसले आफूलाई टिकट दिने कुरामा आफू ढुक्क रहेको बताएका हुन् । उनले अपिलमा भनेका छन् 'अबका केही सातामा आउने आमनिर्वाचनमा पनि यहाँहरूको भरोसा पाएँ भने झापा २ का नागरिकको जीवनमा सकारात्मक परिवर्तन गराउन सक्ने हिम्मत र कार्ययोजना मसँग रहेको छ । म झापा २ का नागरिकसँग हातेमालो गर्न व्यग्र छु ।मेरो पार्टीले सो जिम्मेवारी दिनेमा ढुक्क छु ।' गुरुङ नेपाली कांग्रेसका जिल्ला सदस्य हुन् ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा उनी बिर्तामोड नगरपालिकाको मेयर पदमा उठेका थिए । तर, उनी उपविजेतामा सीमित रहे । विभिन्न सामाजिक संघसस्थामा क्रियाशील गुरुङ बिर्तामोड खानेपानी संस्थाको अध्यक्ष र मेची आँखा अस्पतालको अध्यक्ष हुन् । उनी झापा ११ फुटबल क्लबका पनि अध्यक्ष हुन् । आफू तीन दशकदेखि अनवरत रूपमा नेपाली कांग्रेसको झन्डामुनि रहेर झापावासी नागरिकसँगको सहकार्यमा समाजसेवालाई मुख्य विषय बनाएर अगाडि बढिरहेको कुरा विदितै रहेको बताउँदै उनले आँखा देखाउने र तिर्खा मेटाउने अर्थात् आँखा अस्पताल र खानेपानीमा रहेर सेवा गरिरहेको उल्लेख गरेका छन् । उनले सदैव सेवामा लागिरहने प्रण समेत गरेका छन् । संघीय निर्वाचनका लागि झापा क्षेत्र नं २ बाट पाँचजना सिफारिस भएका छन् । गुरुङको नाम चौथो नम्बरमा छ । पूर्वमन्त्री एवं केन्द्रीय सदस्य केशवकुमार बुढाथोकी, पूर्व राज्यमन्त्री एवं केन्द्रीय सदस्य सरिता प्रसाई , संविधानसभा सदस्य तथा पूर्व केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी , महाधिवेशन प्रतिनिधि छत्रबहादुर गिरी र नेपाल विद्यार्थी संघका नेता नवीनराज प्रसाई पनि सिफारिस भएका हुन् ।










# सबै जिल्लामा कृषि ज्ञान केन्द्र खोलिँदै




झापा(प्रस)। प्रदेश १ सरकारले विशेषज्ञ सेवा प्रदान गर्न प्रदेशस्थित १४ वटै जिल्लामा कृषि ज्ञान केन्द्र स्थापना गर्ने भएको छ।

संघीय सरकारले खारेज गरिसकेको जिल्ला र निर्देशनालय कार्यालयहरू प्रदेश सरकारले स्थापना गरी सञ्चालन गर्दै आएकोप्रति महालेखा परीक्षकको कार्यालयले बर्सेनि प्रश्न उठाउँदै आएको छ। प्रदेश सरकारले मोरङमा शुक्रबार कृषि ज्ञान केन्द्रको कार्यालय स्थापना गरेको छ। कृषिमन्त्री झलकबहादुर मगरले केन्द्रको उद्घाटन गरे। तेह्रथुममा असोज ९ मा र ताप्लेजुङ असोज १० मा केन्द्र स्थापना गरिने कृषि मन्त्रालयका प्रवक्ता पशुपति पोखरेलले बताए।

मन्त्रिपरिषद्को २०७८ माघ २३ को निर्णयबमोजिम चालु आर्थिक वर्षमा बजेट व्यवस्थापन गरिएपछि केन्द्र स्थापना गरिएको उनले बताए।यसअघि सुनसरी र मोरङ कार्यक्षेत्र रहने गरी इनरुवामा केन्द्र स्थापना गरिएको थियो। सुनसरीमा स्थापना गरे पनि मोरङमा इकाइ कार्यालय स्थापना गरेर कामकाज सञ्चालन हुँदै आएको थियो। उक्त केन्द्र मोरङका लागि ८ करोड ३ लाख बजेट चालु आर्थिक वर्षमा विनियोजन गरिएको छ।

मन्त्री मगरले प्रदेशको प्रत्येक जिल्लामा केन्द्र स्थापनाले किसानहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास व्यक्त गरे। उनले किसानलाई विशेषज्ञ सेवा प्रदान गर्न कुनै किसिमको त्रुटि नगर्न कर्मचारीलाई निर्देशन दिए। प्रदेश सरकारले केही कार्यालय समायोजन समेत गरेको छ। बागबानी केन्द्र जौबारीलाई कृषि ज्ञान केन्द्र इलाममा र बागबानी केन्द्र फाप्लुलाई कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा, रेशम विकास कार्यक्रम धनकुटालाई कृषि ज्ञान केन्द्र धनकुटामा, रेशम प्रशोधन कार्यक्रम इटहरीलाई कृषि ज्ञान केन्द्र सुनसरीमा र माटो तथा मल परीक्षण प्रयोगशाला सुरुंगालाई कृषि ज्ञान केन्द्र झापामा प्रदेश सरकारले समायोजन गरेको छ।

# शिखरका सदस्यलाई छुट सुविधा

बिर्तामोड(प्रस)। शिखर साकोस बिर्तामोड ४ ले आफ्ना सदस्यहरुलाई चाडपर्वको अवसरमा छुट सुविधा दिनको लागि विभिन्न व्यवसायीहरुसंग संझौता गरेको छ। चाडपर्व नजिकिँदै गर्दा सदस्यहरुको किनमेल ज्यादा हुने साथै चाडपर्वमा सामानहरुको मूल्य पनि बढी हुने हुँदा विर्तामोडमा रहेका अन्तर्राष्ट्रिय ब्राण्ड तथा चलेका व्यावसायिक संस्थाहरुसंग शिखर साकोसले आफ्ना सदस्यहरुलाई सुविधा पुगोस् भनेर छुट सुविधाको योजनामा संझौता गरेको संस्थाका अध्यक्ष दिपेन्द्र राउतले बताए। 'गुणस्तरीय सामान सुपथ मूल्यमा सदस्यहरुले पाउनुहोस् भन्ने हाम्रो चाहना हो' उनले भने,' संस्थाले चाडपर्वमा बढी किनमेल गरिने लत्ताकपडा र जुत्ताचप्पल भएको हुँदा गुणस्तरीय उत्पादन रहेका कम्पनीसंग सहकार्य गरेका छौं।' संस्थाले सम्झौता गरेको केटिएम जिन्सको सिटी सेन्टरस्थित सोरुममा सामान खरिदमा २० प्रतिशतसम्म छुट , केल्मि कम्पनीको भद्रपुर रोडमा रहेको सोरुममा १० देखि ३० प्रतिशतसम्म छुट, इर्की कम्पनीको हनुमान सेन्ट्रलमा रहेको सोरुममा २० प्रतिशत छुट, पिक कम्पनीको हनुमान सेन्ट्रलमा रहेको सोरुममा २०प्रतिशत छुट, क्यालिवर सुजको शनिश्चरे रोडमा रहेको सोरुममा १० प्रतिशतसम्म छुट, पुजाज कलेक्सनको काँकडभिट्टा रोडमा रहेको सोरुममा ५ देखि १० प्रतिशतसम्म छुट, ड्रिम्स किड्स कलेक्सनको मेघा कम्प्लेक्सस्थित सोरुममा २० प्रतिशत छुट, इन स्टोर मेन्स वेयरको मेघा कम्प्लेक्सस्थित सोरुममा २० प्रतिशत छुट, सालासार मेचिङ सेन्टरको सोरुममा १० प्रतिशतसम्म छुट, हिल्स एण्ड टोइजको हनुमान सेन्ट्रलमा रहेको सोरुममा २०प्रतिशत छुट र सुज पेराडाइज हनुमान सेन्ट्रलमा रहेको सोरुममा २०प्रतिशतसम्म छुट उपलब्ध रहने संस्थाले जनाएको छ।

### प्रधानमन्त्रीपत्नीदेखि...

कांग्रेस प्रवक्ता प्रकाशशरण महत र पूर्वमन्त्री रोमी गौचन थकाली पनि समानुपातिक सूचीमा रहेका छन्।

त्यस्तै प्रधानमन्त्री देउवाका प्रेस सल्लाहकार गोविन्द परियारलाई पनि समानुपातिक सूचीमा राखिएको छ। त्यस्तै नेता अर्जुननरसिंह केसीका भाइसमेत रहेका डा. केदारनरसिंह केसी, देउवानिकट केन्द्रीय सदस्य अब्दुल सतारको नाम पनि बन्दसूचीमा रहेको छ। त्यस्तै लेखा समितिका पूर्वसभापतिसमेत रहेका भरत शाहकी पत्नी अनिता ढुंगाना शाहको नाम पनि बन्दसूचीमा राखिएको छ।शेखर समूहले प्रत्यक्षतर्फको मात्रै नभई असोज ३ मा बुझाइएको समानुपातिकतर्फको बन्दसूची पनि सच्याउनुपर्ने माग गरेका छन्। निर्वाचन आयोगले दिएको असोज १६ सम्मको समयसीमामा संस्थापनइतर समूहबाट ४० प्रतिशतको हाराहारीमा उम्मेदवार राखिनुपर्ने माग छ। आफूहरूले न्यायोचित सिट नपाए शेखर समूहले अनशन, धर्ना र निर्वाचन बहिष्कारसम्मका वैकल्पिक संघर्षको चेतावनीसमेत दिएको छ।


**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

**७ दिने सूचना**

सधियार पूर्व : कि.नं. ४२८२ पश्चिमः श्री मन्जु बराल उत्तरः बाटो दक्षिण : बाटो को नाममा जारी गरिएको।

अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री राजेन्द्र कुँवरले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | - | ४२८२ ४२८१ | ०-०-१० | - | २०७९/०६/१० | २०७८/१२/०२ |


# भद्रपुर १० मा हनुमान टोल उत्कृष्ट



भद्रपुर(प्रस)। भद्रपुर १० नम्वर वडा कार्यालयले वडाभित्र रहेका टोल विकास संस्थामध्ये उत्कृष्ट छनोट गरी सम्मान गरेको छ।

वडाभित्र सञ्चालनमा रहेका टोल विकास संस्थाहरूमध्ये हनुमान टोल विकास संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा उत्कृष्ट योगदान गरेको ठहर गरी वडा कार्यालयले सम्मान गरेको हो।

उत्कृष्ट टोल विकास समितिका अध्यक्ष खड्गबहादुर बुढाथोकीलाई सम्मान गरिएको थियो। भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजीको अध्यक्षता तथा भद्रपुर नगर उपप्रमुख राधा कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मी, सम्मानित संस्थाका अध्यक्ष खड्गबहादुर बुढाथोकीलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन वडा सचिव मनकुमार डाँगीले गरेका थिए।


**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्याङ्गडाडा, झापा
१ नं प्रदेश, नेपाल

**शिवसताक्षी नगरपालिकाको परिसरभित्र रहेको क्यान्टिनको लागी**
**शिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वान सम्बन्धी सूचना**
तेस्रो पटक प्रकाशित मिति २०७९-०६-०९

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार शिवसताक्षी नगरपालिका कार्यालयको परिसरभित्र रहेको क्यान्टिनको न्युनतम अंक नघटाइ आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्म वर्ष ३(तीन) को लागि तोकिएका शर्तमा ठेक्का लिन चाहने इच्छुक फर्म वा सस्थाले रितपुर्वक निम्न ठेक्काहरुको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ।

ठेक्का सम्बन्धी विवरण:

- इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सुचना प्रकाशन मितिले ३ (तेस्रो) दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड, शिवसताक्षी शाखामा रहेको ३१४००१००००१२८G1-1 मा रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) जम्मा गरी वा नगदै बुझाइ नगदी रसिदका साथ आ.व. संस्था दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७७/०७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ।
- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलब्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले कार्यालय समय भित्र ३(तेस्रो) दिन सम्म ठेक्का फाराम खरिद गर्न सकिने छ र ४ (चौथो) दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० वजे खोलिने छ। शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा दर्ता र खोलिने छ।
- सम्झौता रकममा प्रति वर्ष १० प्रतिशतका दरले वृद्धि हुनेछ।
- शिलबन्दी दरभाउपत्रका साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको धरौटी खाता न ३१४००१००००१६१GA3 मा नगदै जम्मा गरी सक्कलै भौचर वा ९० (नब्बे) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड बण्ड (बैंक ग्यारेन्टी) शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ

| सुचना प्रकाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम (तेस्रो) दिन | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (चौथो दिन) | कैफियत |
|---|---|---|---|
| २०७९-०६-०९ | २०७९-०६-११ (कार्यालय खुल्ने समयभित्र) | २०७९-०६-१२ (दिनको ठीक १२:०० बजे सम्म) | |

| ठेक्का नं | विवरण | २०७९/०८० को लागि प्रस्ताव (मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|
| १६ | नगरपालिका कार्यालयको परिसर भित्र रहेको क्यान्टिन | १,६५,०००.० (प्रति वर्ष) | |

(अमृत बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत


# पोखरेल चारआली जंगलमा मृत फेला

बिर्तामोड(प्रस)। नेकपा एमालेका जिल्ला सल्लाहकार देवीप्रसाद पोखरेल चारआली जंगलमा मृत फेला परेका छन्।

बिर्तामोड ४ निवासी ५४ वर्षिय पोखरेल आइतवार विहान मृत अबस्थामा फेला परेको प्रहरीले जनाएको छ।

उनले आत्महत्या गरेको हुनसक्ने आशंका गरिएको छ। शरीरमा कुनै पनि चोटपटक नदेखिएको र शवबाट विषको गन्ध आइरहेकाले आत्महत्या गरेको हुनसक्ने आशंका गरी पोष्टमार्टमका लागि पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बसन्त पाठकले बताए। मृतक पोखरेल नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुशिला संग्रौलाका श्रीमान् हुन्। पोखरेलको आइतवार नै कन्काईमा अन्त्येष्टि गरिएको छ।


**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.**
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

प्रदेश नं. १ भोजपुर जिल्ला,तिवारी भन्ज्याङ गाविस वार्ड नं.-०१स्थायी ठेगाना भई हाल विर्तामोड नगरपालिका वार्ड नं.-०२ बस्ने श्री हेमलाल पोखरेलका छोरा, श्री हेमप्रसाद पोखरेलको मिति २०७९/०५/१०गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय चारपानेमा रहेको बचत खाता नं. 0250190016064300001 र मुद्दती खाता नं. 0250230016064300002 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका भतिजा राधेश्याम पोखरेलले मिति २०७९/०५/२९मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ।

शाखा कार्यालय, चारपाने
फोन नं. ०२३-५४४०८८


# 'राजश्व छली र तस्करीमा प्रहरी प्रशासनको संलग्नता'



झापा(प्रस)। क्रान्तिकारी युवा लिग, नेपाल (आरवाईएल) ले सीमा क्षेत्रमा प्रहरी प्रशासन नै राजश्व छली र तस्करीमा संलग्न रहेको आरोप लगाएको छ। क्रान्तिकारी युवा लिग नेपालले आइतवार बिर्तामोडमा पत्रकार भेटघाटको आयोजना गरी प्रहरी प्रशासनकै मिलेमत्तोमा भन्सार छली र तस्करी हुने गरेको आरोप लगाएको हो।

पूर्वी नेपाल-भारत सिमानाबाट हुने तस्करी नियन्त्रण गर्ने उद्धेश्यका साथ गत असोज ६ गते विहान ४ बजे भद्रपुरस्थित देउनियामा आरवाईएलको समूहले पक्राउ गरेको भन्सार छलीको सामान लामो समयपछि राजश्व अनुसन्धान कार्यालय इटहरी पुग्दा सामानसहित बिल समेत पुगेकोले प्रशासनको पनि संलग्नता रहेको देखिएको आरोप लगाएको हो।

आरवाईएलको समूहले प्रदेश १-०१-००१ च. ७७९५ नम्बरको पिकअपमा ३५ देखि ४० लाख रुपैयाँ मूल्य बराबरको राजश्व छली गरेर ल्याएको कपडाको गाडी रोकेर प्रहरीलाई खवर गर्दा ढिलो गरी आएकाले पनि प्रहरीको मिलेमतो देखिएको क्रान्तिकारी युवा लिग नेपालका केन्द्रीय सचिव तथा प्रदेश नम्बर १ अध्यक्ष रबिन लिम्बूले बताए। सोही क्रममा सामान रुँगेर बसेका आरवाईएलका युवाहरुलाई सामान धनीको समूहले सांघातिक आक्रमण गर्दा राजेन्द्र राई र प्रदीप राई घाइते भई बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचाररत रहेको लिम्बूले जानकारी दिए। 'भद्रपुरको एउटा ब्यक्तिको गोदामबाट गएको सामान इटहरी पुग्दा अर्कै ब्यक्तिको नाममा बिल बनेको पाइएको छ' लिम्बूले भने। भ्रष्टाचार, अन्याय, असमानता, उत्पीडनको बिरुद्धमा संघर्ष गर्दै आएको आरवाईएलका सदस्यहरुमाथि सांघातिक हमला गर्ने समूहलाई पक्राउ गरी कारवाही गर्न संगठनले माग गरेको छ। पत्रकार भेटघाट कार्यक्रममा आरवाईएलका केन्द्रीय सदस्य तथा झापा अध्यक्ष जलन रुचाल, केन्द्रीय सदस्य तथा झापा उपाध्यक्ष बिक्रम बोहोरा, पार्टीको झापा सदस्य तथा आरवाईएलका प्रदेश सदस्य पासाङ शेर्पा, संगठनका झापा सदस्यलगायतको उपस्थिति रहेको थियो।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड , झापा**
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस।



दैनिक दिउँसो
२:00 बजेदेखी
वरिष्ठ स्त्री तथा प्रसुतिरोग विशेषज्ञ
अब विर्तामोडमा



डा. एलिजा गैतम
MBBS(KU),MD-(Mechi Zonal Hospital)
(Obstetrics & Gynecology)
NMC No. : 17070

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- सेतो पानी बग्ने।
- पिसाब घर चिलाउने।
- तल्लो पेट दुख्ने।
- पिसाब गन्हाउने।
- महिनावारी हुने गडबढी समस्या।
- बच्चा नहुने तथा खेर जाने समस्या।
- पाठेघर सम्बन्धी समस्या।
- रगत गइरहने समस्या।

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
अश्विन पोलिक्लिनिक तथा नेशनल बाथरोग सेन्टर
०२३-५३०५४५






७ प्रदेश ▪ ७ विजेता ▪ ७ लाख नगद
७ प्रदेशलाई समावेश गरेर हरेक प्रदेशबाट १ जनाले जित्नुहुनेछ रू. १ लाख
साथै
-SURE- SHOT अधिकतम ७ वर्ष सम्मको Free Servicing
SPARE PARTS मा ७% छुट ७ वर्षसम्म
BIG BIKE मा ७0,000 सम्म* CASH BACK
HONDA EASY FINANCE LOWEST EMI/DAY | LOWEST DOWN PAYMENT | LOWEST INTEREST RATE
KAPURI
Buddha Enterprises
Bhadrapur Road, Birtamode, Jhapa
023-540452/545562/545185 M:9802600531


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

❖ बाँकी क्रमशः अर्को अंकमा

## सम्पादकीय

### दशैं शुरु

` यस वर्षको दशैं आजदेखि शुरु भएको छ ।
यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धुमधामका साथ मनाउने गरिन्छ । वडा दशैँको पहिलो दिन आज घरघरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ । आजैदेखि दशैँ घरमा शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ । आज बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दशैँ घरमा विधिपूर्वक राखेर त्यसमाथि जौ (यव) रोप्ने गरिन्छ । यसलाई जमरा राख्ने पनि भनिन्छ । जौको अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा लगाइन्छ ।
देशका विभिन्न भागमा कुल परम्परा र स्थान विशेषअनुसार जौसँगै अन्य अन्न पनि रोप्ने चलन छ ।आजैका दिन विधिपूर्वक घट (घडा) स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद लगाइन्छ ।
दुर्गा देवीका तीन वटा रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा गरिन्छ । महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक एवं महासरस्वतीलाई विद्या तथा बुद्धिको प्रतीकका रुपमा पूजाआजा एवं आराधना गर्ने परम्परा नेपाली समाजमा छ ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकका रुपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीज लगायतका राक्षसलाई बध गर्न लिएका नौ वटा रुपको दुर्गा पक्षका अवसरमा विशेष पूजाआजा र आरधना हुन्छ । आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष भनिन्छ ।
यो पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ । नौ वटा दुर्गाका रुपलाई नवदुर्गा पनि भन्ने गरिन्छ ।
दशैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ ।
विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ । पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रिमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्यप्राप्तिको कामना गरिन्छ । यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कोषको भावी कार्यदिशा



• दामोदर सुवेदी

नेपालमा सञ्चय कोषसम्बन्धी व्यवस्थाको प्रारम्भ वि.सं. १९९१ बाट भएको हो । 'सैनिक द्रव्य कोष'को नामबाट सुरु भएको द्रव्य कोष स्थापनाको मुख्य उद्देश्य सैनिकको अवकाशपछिको जीवनलाई सहज बनाउन आर्थिक राहत प्रदान गर्नु रहेको थियो। सैनिकका लागि व्यवस्था गरिएको कोष प्रभावकारी देखिएकाले निजामती कर्मचारीका लागि 'निजामती प्रोभिडेन्ट फन्ड'को स्थापना वि.सं. २००१ मा गरिएको थियो । निजामती कर्मचारी र नेपाली सेनाका लागि व्यवस्था गरिएको सञ्चय कोष एकै निकायबाट सञ्चालन गर्ने अभिप्रायले वि.सं. २०१७ मा अर्थ मन्त्रालयअन्तर्गत 'कर्मचारी सञ्चय कोष विभाग'को स्थापना गरिएकोमा सञ्चय कोषसम्बन्धी कार्य विशेष संस्थाबाट व्यवस्थापन गर्ने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम २०१९ साल भदौ ३१ गते सैनिक द्रव्य कोष, निजमती प्रोभिडेन्ट फन्ड र सञ्चय कोष विभागको उत्तराधिकारीका रूपमा हालको कर्मचारी सञ्चय कोषको विधिवत् स्थापना भई ६१औँ वर्षमा प्रवेश गरिसकेको छ ।

**वर्तमान अवस्था**

प्रारम्भमा ११५ जना म्यादी कर्मचारीबाट ३० हजार सञ्चयकर्ताको करिब ३७ लाख सञ्चय कोष रकम परिचालन तथा व्यवस्थापन गर्ने गरी स्थापना भएको कोषले ६०औँ वर्षको यात्रा विभिन्न आरोह अवरोहका साथ पार गरेको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार नेपाल सरकार र सङ्गठित संस्थाका कर्मचारी, अन्य कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको निमित्त सञ्चय कोष, निवृत्तभरण कोषलगायत सामाजिक सुरक्षा सुविधाको व्यवस्थापन गर्नु कोषको प्रमुख उद्देश्य हो। मुलुकभर छरिएर रहेका आठवटा शाखा कार्यालय, तीनवटा सेवा केन्द्र र उपत्यकास्थित कार्यालयमा कार्यरत ३६४ जना कर्मचारीबाट पाँच लाख ५५ हजार सञ्चयकर्ताको करिब चार खर्ब १६ अर्ब सञ्चय कोष रकमको व्यवस्थापन हुँदै आइरहेको छ। कोषले स्थापनाकालदेखि नै सञ्चयकर्तालाई सञ्चित कोष रकममा उचित प्रतिफलका साथै सापटी तथा सामाजिक सुरक्षा सुविधा उपलब्ध गराइएको छ। कोषले सञ्चित कोष रकममा प्रचलित बजार दरभन्दा माथिको ब्याजदर र मुनाफासमेत उपलब्ध गराउँदै आएको छ । कोषले आफ्ना सञ्चयकर्तालाई सहुलियत दरमा सापटी सुविधा उपलब्ध गराइरहेको छ। सापटी सुविधाअन्तर्गत सञ्चित रकमको आधारमा विशेष सापटी र धितोमा आधारित घर निर्माण तथा घर खरिदका लागि घर सापटी, घर मर्मतका लागि घरमर्मत सापटी, जग्गा खरिदका लागि जग्गा खरिद सापटी, शैक्षिक प्रयोजनका लागि शैक्षिक सापटी र विविध कार्यका लागि सरल चक्र कर्जा प्रदान गर्दै आइरहेको छ ।

सामाजिक सुरक्षाअन्तर्गत कोषले सञ्चयकर्ताको मृत्यु भएको अवस्थामा काजकिरिया अनुदान, सेवाकालमा दुर्घटनाबाट मृत्यु भएमा वा अङ्गभङ्ग भएमा दुर्घटना क्षतिपूर्ति, स्वास्थ्योपचारका लागि स्वास्थ्योपचार योजनाअन्तर्गत अधिकतम दस लाख रुपियाँसम्म शोधभर्ना र प्रसूति हुँदाको अवस्थामा सुत्केरी तथा शिशु स्याहार खर्चजस्ता कार्यक्रम सञ्चालन गरेको छ। कोषका सेवा तथा सुविधाहरूसम्बन्धी जानकारी तथा जिज्ञासा सम्बोधन गर्न्न कल सेन्टरको व्यवस्था गरिएको छ भने कोष कट्टी विवरण र सापटी विवरणका लागि ई-सर्भिस, एस.एम.एस. सेवा तथा कोषको समग्र जानकारीका लागि वेबसाइट सञ्चालनमा रहेको छ । सञ्चयकर्तालाई घरदैलोमा सेवा प्रदान गर्ने उद्देश्यका साथ भौतिक रूपमा धनकुटा, विराटनगर, जनकपुर, हेटौँडा, बुटवल, पोखरा, कोहलपुर, सुर्खेत, धनगढी र काठमाडौँ उपत्यकाबाट सेवा तथा सापटी सुविधा उपलब्ध गराउँदै आएको छ भने अनलाइनमार्फत विशेष सापटीको सेवा प्रवाह गरेको छ ।
सञ्चयकर्ताको वैयक्तिक विवरण अद्यावधिक गरी कोषले एकातर्फ सञ्चयकर्ताको खातामा सोझै रकम जम्मा हुने व्यवस्था गरेको छ भने अर्कोतर्फ सापटी रकम फिर्ता गर्ने प्रयोजनका लागि कोषमा उपस्थित नभई विद्युतीय माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्थासमेत गरिसकेको छ। सञ्चयकर्ताको कोष कट्टी फाँटवारी विद्युतीय माध्यमबाट सङ्कलन गर्ने नीतिअनुरूप नेपाल सरकारअन्तर्गतका निजमती, जङ्गी र प्रहरीको फाँटवारी विद्युतीय माध्यमबाट सङ्कलन गरी रियल टाइम एकाउन्टिङ गर्ने कार्य सुरु भइसकेको छ भने प्रदेश तथा स्थानीय तहतर्फ कार्य आरम्भ भएको छ।

**आगामी दिन**

कोषले सञ्चयकर्ताको सञ्चित रकमको समुचित परिचालन गरी सिर्जित मुनाफाबाट सञ्चयकर्तालाई विशिष्ट सेवा, सुविधा उपलब्ध गराइरहेकोमा पछिल्लो समयमा सामाजिक सुरक्षाको क्षेत्रमा समान प्रकृतिको कार्य गर्ने गरी नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता संस्थाको आगमनले यस क्षेत्रमा प्रतिस्पर्धा बढाएको छ। विश्वबाट नै सञ्चय कोष प्रणाली निवृत्तभरण प्रणालीमा रूपान्तरण हुँदै गएकाले कोषसामु पनि सञ्चय कोष प्रणालीबाट निवृत्तभरण प्रणालीमा जाने चुनौती थपिएको छ । निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम नेपाल सरकारले २०७६ साउनदेखि नियुक्त हुने निजामती, जङ्गी र प्रहरीतर्फका कर्मचारीका लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरी अर्को व्यवस्था नभएसम्म निवृत्तभरण कोष व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल सरकारले कर्मचारी सञ्चय कोषलाई दिएको विद्यमान स्थिति रहेको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा रहेका समानता र विरोधाभाषसम्बन्धी प्रावधानबाट कर्मचारी सञ्चय कोष र सामाजिक सुरक्षा कोषको कार्यक्षेत्र र दायरा विस्तारमा द्विविधा उत्पन्न भएको देखिन्छ ।

निवृत्तभरण कोषको व्यवस्थापन गर्ने जिम्मेवारीसमेत कर्मचारी सञ्चय कोषले पाएको विद्यमान अवस्था एवं अन्य मुलुकमा समेत सञ्चय कोष प्रणाली निवृत्तभरण कोष प्रणालीमा रूपान्तरण हुँदै गएका कारण नेपालमा समेत सरकारी तथा सार्वजनिक क्षेत्र र निजी क्षेत्रमा कार्यरत कर्मचारी/कामदारका लागि फरक फरक सञ्चय कोष र निवृत्तभरण कोष प्रणाली हुन आवश्यक रहेको देखिन्छ । नेपाल सरकारबाट कर्मचारी सञ्चय कोष ऐन, २०१९ र निवृत्तभरण कोष ऐन, २०७५ लाई एकीकृत गरी सरकारी तथा सार्वजनिक क्षेत्रका कर्मचारीको सञ्चय कोष तथा निवृत्तभरण व्यवस्थापनको जिम्मेवारी कर्मचारी सञ्चय कोषलाई प्रदान गरेमा कोषको कार्य क्षेत्र र कार्य प्रकृतिमा थप विस्तार भई अन्तर्राष्ट्रिय स्तरको सामाजिक सुरक्षा संस्थाका रूपमा स्थापित हुनुका साथै मुलुकको सामाजिक सुरक्षाको क्षेत्रमा रहेको कार्यगत द्विविधाको अन्त्यसमेत हुनेछ। कोषले मुलुकको सामाजिक सुरक्षाको क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरी सदैव सञ्चयकर्ताको हित र समुन्नतिको कार्यमा अभिप्रेरित भई देशको आर्थिक विकासमा समेत प्रत्यक्ष योगदान पुऱ्याउनेछ भन्ने आशा र विश्वास सबै सरोकारवालाले राखेका छन्। यसैमा कोषको पनि भविष्य सुरक्षित रहेको छ ।

# जलविद्युत्‌बाटै रूपान्तरण



धर्मराज भट्टराई



नेपाली अर्थतन्त्रमा आशाको किरण जगाएको प्रमुख क्षेत्रका रूपमा जलविद्युत् क्षेत्र देखिएको छ । केही समयअघिसम्म देशव्यापी लोडसेडिङको मारमा रहेको मुलुक अहिले लोडसेडिङमुक्त मात्र भएको छैन , उत्पादित विद्युत् छिमेकी मुलुकमा निर्यात गरेर आय आर्जन गर्नसमेत सुरुवात गरेको छ । यसरी छोटो समयमा नै देशले ऊर्जा क्षेत्रमा मारेको फड्कोले मुलुकका अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्नेमा दुईमत रहँदैन । कृषि , उद्योग र सेवाजस्ता हरेक क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पर्ने ऊर्जाको माग अब देशभित्रै उत्पादित जलविद्युत्ले पूरा गर्नेछ । अर्कोतर्फ चुलिँदै गएको व्यापार घाटालाई न्यूनीकरण गर्दै विदेशी मुद्राको सञ्चितिमा समेत टेवा पुऱ्याउने सम्भावना देखिन्छ । यसबाट मुलुकभित्र उत्पादन र उत्पादकत्वको मात्रामा वृद्धि हुने र समग्र देशको आर्थिक रूपान्तरणमा समेत यस क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

नेपाल जलविद्युत्‌को प्रचुर सम्भावना बोकेको देश हो । यहाँको भौगोलिक धरातल र बाह्रै महिना बग्ने नदीनालाबाट करिब ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने क्षमता रहेको अनुमान गरिएको छ । योमध्ये करिब ४४ हजार मेगावाट आर्थिक तथा प्राविधिक रूपमा सम्भाव्य जलविद्युत् क्षमता रहेको उल्लेख छ । आर्थिक सर्वेक्षण २०७८/७९ का अनुसार गत फागुन मसान्तसम्म मुलुकमा कुल जडित विद्युत् क्षमता दुई हजार २०५ मेगावाट पुगेको जनाएको छ । जसमध्ये जलविद्युत्‌बाट दुई हजार २२ मेगावाट विद्युत् उत्पादन भएको छ । यसरी हेर्दा कुल क्षमताको तीन प्रतिशतभन्दा कम मात्र उत्पादन हुँदासमेत नेपालले विद्युत् निर्यात गर्ने क्षमता राख्छ भने यसले पूर्ण क्षमतामा उत्पादन गर्न सकेको खण्डमा देशको अर्थतन्त्रमा चमत्कारी परिवर्तन ल्याउन सक्नेछ । यसमा आशाका किरण पनि देखिन थालेका छन् । मुलुकभित्र सञ्चालित जलविद्युत् परियोजनाको प्रगति विवरणलाई आधार बनाएर भर्खरै मात्र नेपाल विद्युत् प्राधिकरणले एक वर्षपछि जलविद्युत् उत्पादनको क्षमता वृद्धि भएर ४५ सय मेगावाटसम्म पुग्ने प्रक्षेपण गरेको छ । यस्तै अबको पाँच वर्षमा नेपालको विद्युत् उत्पादन क्षमता करिब १३ हजार मेगावाटसम्म पुग्ने प्राधिकरणको दाबी छ । अहिले मुलुकमा सबैभन्दा चिन्ताको विषय भनेको दिन प्रतिदिन बढ्दै गएको उच्च व्यापार घाटा र यसले देशको समग्र अर्थतन्त्रमा पारेको नकारात्मक असरलाई लिने गरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा व्यापार घाटा अघिल्लो वर्षको तुलनामा २३ प्रतिशतले बढेर १७ खर्ब २० अर्ब ४१ करोड रुपियाँ पुगेको भन्सार विभागको तथ्याङ्क छ । मुलुकको वार्षिक बजेटकै हाराहारीमा व्यापार घाटा पुग्नुलाई सुखद मान्न सकिँदैन। यसको न्यूनीकरणका लागि तुलनात्मक लाभ लिन सक्ने नयाँ वस्तुको निर्यात बढाउनुपर्ने आवश्यकता छ। यसको एउटा विकल्प जलविद्युत्लाई लिन सकिन्छ । यसैकारण लामो प्रयासबाट नेपालले गत वर्ष कात्तिक १७ मा पहिलो पटक भारतको इन्डियन इनर्जी एक्स्चेन्ज (आईईएक्स) लाई विद्युत् बेच्ने अनुमति पाएको थियो। आईईएक्सलाई विद्युत् बेच्ने अनुमति पाएसँगै २४ मेगावाटको त्रिशूली र १५ मेगावाटको देवीघाट गरी कुल ३९ मेगावाट विद्युत् गत वर्ष नै भारत जान थालिसकेको थियो। यसपछि गत चैतमा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा नेपाल-भारतबीच ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त दृष्टिकोण पत्र जारी भएलगत्तै विद्युत् प्राधिकरणले चार जलविद्युत् गृहबाट उत्पादित विद्युत् भारतमा निर्यातका लागि स्वीकृति पाएको थियो।

> देशको आन्तरिक ऊर्जाको मागलाई जलविद्युत्ले परिपूर्ति गर्न सकेमा अर्बौं रुपैयाँ बाहिर जानबाट जोगिनेछ। यसबाट बचत हुने रकम अन्य विकासनिर्माणका लागि आवश्यक भौतिक एवं सामाजिक पूर्वाधार निर्माणमा प्रयोग गर्न सकिनेछ। वर्तमान समयमा विद्युत् व्यापारले जगाएको उत्साह आफैँमा प्रशंसनीय छ।

सहमतिअनुसार नेपालले १४४ मेगावाट क्षमताको कालीगण्डकी, ६९ मेगावाटको मर्स्याङ्दी, ७० मेगावाटको मध्यमर्स्याङ्दी र ५२ मेगावाटको लिखु-४ सहित कुल छवटा आयोजनाबाट हाल दैनिक करिब ३६४ मेगावाट विद्युत् भारत निर्यात गर्दै आएको छ। यसका साथै अर्को छिमेकी मुलुक बङ्गलादेशमा समेत आगामी वर्षदेखि विद्युत् निर्यात गर्ने योजना सरकारले बनाएको छ। विश्वभर रणनीतिक महत्वको वस्तु बन्दै गएको विद्युत् क्षेत्रमा नेपाल दक्षिण एसियाको प्रतिस्पर्धी बन्न सक्ने विज्ञहरूले अनुमान लगाएका छन्। अहिले विद्युत् प्राधिकरणले विद्युत् निर्यातबाट मासिक करिब दुई अर्ब रुपियाँसम्म कमाइरहेको छ। यही रफ्तारमा उत्पादन र वितरण हुँदै गए पाँच वर्षपछि विद्युत् निर्यात गरेर मात्रै दुई अर्ब डलर कमाउन सक्ने प्राधिकरणको दाबी छ। यसबाट व्यापार घाटाको समस्यालाई केही हदसम्म सम्बोधन गर्नेछ। नेपाल जलस्रोतको धनी देशका नाममा परिचित रहे पनि यहाँको अधिकांश ऊर्जाको माग भने पेट्रोलियम पदार्थ, कोइला, काठ दाउरा आदिले परि पूर्ति गर्दै आएको छ। पेट्रोलियम पदार्थ र कोइलामा हामी शतप्रतिशत आयातमा निर्भर छौँ। देशले बर्सेनि अर्बौं रुपियाँ खर्च गरेर यी वस्तु आयात गर्छ। मुलुकको व्यापार घाटा उच्च हुनुको प्रमुख कारक तत्व पनि यसैलाई मानिन्छ।

यसैगरी यी वस्तुको उच्च आयातले गर्दा विदेशी मुद्रा सञ्चितिमा समेत असन्तुलन देखिएको मानिन्छ। अर्कोतर्फ काठ दाउराको उच्च प्रयोगले वनजङ्गल विनाश भइरहेको छ। यसबाट जलवायु परिवर्तनले गर्दा हुनसक्ने विभिन्न प्रकारका प्राकृतिक प्रकोपको जोखिम पनि बढ्दै गएको छ। यी र यस्तै प्रकारका समस्यासँग जुध्ने उपयुक्त उपाय जलविद्युत्‌को प्रयोग नै हो। जलविद्युत्‌बाट हरित ऊर्जा उत्पादन हुन्छ, जसले गर्दा जैविक एवं वातावरणीय असन्तुलनबाट उत्पन्न हुनसक्ने समस्या न्यून हुँदै जानेछन्। यसैगरी देशको आन्तरिक ऊर्जाको मागलाई जलविद्युत्ले परिपूर्ति गर्न सकेमा अर्बौं रुपैयाँ बाहिर जानबाट जोगिनेछ। यसबाट बचत हुने रकम अन्य विकासनिर्माणका लागि आवश्यक भौतिक एवं सामाजिक पूर्वाधार निर्माणमा प्रयोग गर्न सकिनेछ। वर्तमान समयमा विद्युत् व्यापारले जगाएको उत्साह आफैँमा प्रशंसनीय छ। यो सँगसँगै आन्तरिक खपतमा पनि वृद्धि गर्दै जानुपर्ने आवश्यकता देखिएको छ। मुलुकमा प्रतिव्यक्ति विद्युत् खपत वृद्धि गर्न सकेमा विद्युत् निर्यातको तुलनामा दुई गुणाभन्दा बढी फाइदा लिन सक्ने विज्ञको भनाइ छ। आन्तरिक खपत वृद्धि हुनुको अर्थ आन्तरिक उत्पादन वृद्धि हुनु हो। यसले नयाँ रोजगारी सिर्जना, आम्दानीका स्रोत र बचतको मात्रा वृद्धि गर्छ। यसको निरन्तरताले मुलुकमा पुँजी निर्माणको ढोका खुल्नेछ र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न जान्छ। यसको प्रभावले देशको कुल गार्हस्थ्य उत्पादनमा समेत सकारात्मक प्रभाव पर्छ। अहिले विद्युत्को आन्तरिक खपतमा वृद्धि गर्नका लागि नयाँ-नयाँ उपाय खोजी भइरहेको छ। यसै सिलसिलामा नेपाल विद्युत् प्राधिकरणले विद्युतीय सवारी प्रयोगलाई बढावा दिन देशभरका विभिन्न ३२ स्थानमा ५१ वटा चार्जिङ स्टेसन बनाइरहेको छ।

यसैगरी घरघरमा इन्डक्सन चुलो प्रयोगलाई प्रोत्साहित गर्न सहुलियत मूल्यमा वितरण गर्ने योजना बनाएको छ। यो योजना काठमाडौँ उपत्यकामा मात्र सीमित नराखी देशव्यापी रूपमा लैजानु पर्नेछ। यस्तै उद्योग एवं कलकारखानामा विद्युत् आपूर्ति सहज बनाउन आवश्यक पूर्वाधारसमेत निर्माण हुनु आवश्यक छ। यसबाट घरेलु तथा साना उद्योगको विकास र विस्तारमा टेवा पुग्नेछ। यसैगरी कृषिक्षेत्रको विकासका लागि आवश्यक औजारको प्रयोग एवं सिँचाइ सुविधाका लागिसमेत जलविद्युत्को प्रयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। यसको प्रयोगबाट शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, पर्यटनसँग सम्बन्धित सेवा पनि सहज र सर्वसुलभ बन्नेमा दुईमत छैन। यसर्थ जलविद्युत्‌को प्रयोगबाट अर्थतन्त्रका प्रमुख तीन क्षेत्र कृषि, उद्योग र सेवाको रूपान्तरण गर्न सकिने सम्भावना छ। कुनै पनि मुलुकको आर्थिक रूपान्तरणमा त्यहाँ उपलब्ध साधनस्रोतले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। मुलुकमा भएका साधनस्रोतको आदर्शतम प्रयोगबाट मात्र आर्थिक तथा सामाजिक अवस्थामा परिवर्तन ल्याउन सकिन्छ। नेपालले समेत जलस्रोतको आदर्शतम प्रयोगबाट देशमा आर्थिक रूपान्तरण ल्याउन सकिनेछ। जलस्रोतबाट उत्पादित विद्युत्‌ले नागरिकको घरघरमा रहेको अँध्यारो चिर्दै उज्यालो बनाएजस्तै देशका आर्थिक परिसूचकमा देखिएको निराशालाई आशाको किरण देखाउन सक्छ। जसरी अरबी मुलुकले आफ्नो देशमा रहेका खनिज सम्पदा प्रयोगबाट देशको आर्थिक अवस्था बलियो बनाउन सफल भए, त्यसैगरी नेपालले पनि आफूसँग भएको सेतो सुनको उचित प्रयोगबाट यहाँको आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।

# आज घटस्थापना

आश्विन शुक्ल प्रतिपदाका दिनलाई घटस्थापना भनिन्छ । यसै दिनदेखि नवरात्रि आरम्भ हुन्छ। यसै दिन दुई महत्वपूर्ण कृत्य सम्पन्न गरिन्छ। एक कृत्य यस दिन जमरा राखिन्छ । अर्को यस दिन घट कलशको स्थापना गरी देवी - देवताको आह्वान गरिन्छ । यस दिन झिसमिसे बिहानीमै आत्मशुद्धि पश्चात् नदी , खोला , वगर या आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा या पञ्चमाटो ल्याई दशैं घर या पूजाकोठामा राखी त्यस ठाउँमा जमरा उमार्न जौ छरिन्छ ।




जौलाई वैदिक यज्ञको लागि अत्यावश्यक वस्तु मानिन्छ। माता भगवतीलाई मन पर्ने वनस्पतिमा जमरा पनि एक भएकोले भगवतीलाई खुसी पार्नको लागि जमरा उमार्ने गरिएको हो । त्यसै स्थान नजीकै माटोको विशुद्ध जलपूर्ण घडा ( कलश ) को वरिपरि नौवटा देवीको स्वरूपको प्रतिमूर्ति मानी गाईको गोबरले नौवटा देवीको वेदी बनाई लेपन गरिन्छ र घडाको वरिपरि जौ पनि गाडिन्छ । अनि जलपूर्ण कलशमा पञ्चपल्लवको पात चढाइ अनन्त शक्तिस्वरूपा महाकाली ( संहार ) , महालक्ष्मी ( सुरक्षा ) र महासरस्वती ( सृष्टि ) को पञ्चोपचारले पूजाआजा गरिन्छ । ब्रह्मवैवर्त पुराण भन्ने ग्रन्थका अनुसार वर्णन गरिएका नवदुर्गाहरू यी हुन् : प्रकति-पूर्व , चण्डिका-आग्नेय , भद्रकाली-दक्षिण , सर्वमङ्गला-वायव्य , वैष्णवी- उत्तर , शिवप्रिया-ईशान , जगदम्बिका- जल , थल र आकाश । यी नामहरूले दुर्गाहरू विभिन्न दिशाका अधिष्ठात्री देवीहरू भएको कुराको चाल पाइन्छ । हाम्रो धर्म , संस्कृति अनुसार घट कलशमै सम्पूर्ण देवीदेवता सप्तसागर , सप्तद्वीप , सम्पूर्ण नदी एवं तीर्थहरू निहित छन् , जुन कुरा कालिका पुराण भन्ने ग्रन्थमा उल्लेख भएको छ । यसका अतिरिक्त घटकलश अष्टमङ्गलका शुभ चिन्हहरूद्वारा समाहित गरिएको पाइन्छ । आधारहरूको कारण उपर्युक्त दिन घट कलश स्थापना गरी त्यसमै सम्पूर्ण देवीदेवता , तीर्थ , पावनतम नदी नाला , सप्त सागर , सप्त द्वीप आदि सबैलाई समाहित गरी दशैं पूजाको थालनी गरिएको हो । यसैले दशैंको अवसरमा आ-आफ्नै आगमस्थित देवी भगवती जगदम्बाको पूजा गरिनुबाहेक अन्य देवीस्थलहरूमा गई देवीदेवताहरूको पूजा-उपासना , पुकार तथा दर्शनको लागि जानु आवश्यक नपर्ने वास्तविकतातिर औंल्याएको पाइन्छ ।

यसै दिनदेखि नवमीसम्म प्रत्येक नेपालीहरूका घरघरमा र देवीका मन्दिरहरूमा पहिलो दिनकै बमोजिम भगवती दुर्गाको पूजा , आराधना र प्रार्थना गरिन्छ र शङ्ख , डमरू , घण्टी आदि बजाइ दुर्गा (सप्तशती - चण्डी ) , स्त्रोत्ररत्नावली , कालिकास्तोत्र , दुर्गाकवच , श्रीमद्देवीभागवत् आदि पाठ पनि पढिन्छ । पूजा गरिसकिएपछि प्रत्येक दिन बलि चाहिँ अनिवार्य दिनुपर्ने कुरा शास्त्रीय विधानमा उल्लेख गरिएको छ । बलि दिइसकेपछि यस दिनको कार्य समापन गरिन्छ ।

# राष्ट्रपतिको कदम स्वागतयोग्य–किशोर बिश्वास

बिर्तामोड(प्रस)।बहुल राष्ट्रिय समाजवादी पार्टीका अध्यक्ष किशोरकुमार बिश्वासले नागरिकता विधेयक प्रमाणीकरण नगरी फिर्ता पठाउने राष्ट्रपतिको कदम स्वागतयोग्य भएको बताएका छन् । बहुल राष्ट्रिय समाजवादी पार्टीले शनिवार बिर्तामोडमा आयोजना गरेको कार्यकर्ता सम्मेलनलाई संबोधन गर्दै अध्यक्ष बिश्वासले राष्ट्रपति विद्यादेवी भण्डारीको सो कदमलाई आफ्नो पार्टीले स्वागत गरेको बताए। उनले राज्यले प्रदान गरेको एक करोड नेपालीको नागरिकता छानबिन गरिनु पर्ने माग गरे ।
मोदी सरकारले सन् २००६ मा घोषणा गरेको कट अफ इयर यताका सबै नागरिकता छानबिन गरिनुपर्ने उनको भनाई छ । आगामी मंसिर ४ गतेको आम निर्वाचनको तयारीका लागि पार्टीले कार्यकर्ता भेटघाट र संगठन सुदृढीकरण गरिरहेको उनले जानकारी दिए ।
प्रमुख अतिथि केन्द्रीय अध्यक्ष बिश्वास रहेको कार्यक्रममा केन्द्रीय सदस्य हरिनारायण चौधरीको अध्यक्षता रहेको थियो । कार्यक्रममा केन्द्रीय सदस्य गीतादेवी चौधरी, केन्द्रीय सदस्य तथा प्रदेश न. १ ईन्चार्ज आगतलाल चौधरी, केन्द्रीय सदस्य तथा प्रदेश न. १ सहइन्चार्ज भिमबहादुर राजवंशी,केन्द्रीय सदस्य तथा सुनसरी जिल्ला इन्चार्ज सोतनलाल चौधरी,ताजपुरिया विकास समितिका पूर्व केन्द्रीय अध्यक्ष कुञ्जीविहारी ताजपुरिया,थारू कल्याणकारिणी सभाका जिल्ला सचिव हरिप्रसाद चौधरी, साना निर्माणकर्मी संघ झापाका रामचन्द्र दासलगायतको सहभागिता रहेको थियो। कार्यक्रमको संचालन केन्द्रीय सदस्य श्रवणकुमार चौधरीले गरेका थिए।

# नव युवा गोल्डकपमा आयोजकको विजयी सुरुवात

अर्जुनधारा(प्रस) । झापाको अर्जुनधारामा आइतवारदेखि सुरु दोस्रो नव युवा गोल्डकपको उद्घाटन खेलमा आयोजकले गोल वर्षा गर्दै विजयी सुरुवात गरेको छ। स्पर्धी अमरदह स्पोर्टिङ क्लबलाई ५-० गोलले पराजित गर्दै आयोजक अर्जुनधारा स्पोर्टिङले अन्तिम चारमा पनि स्थान सुरक्षित गरेको हो ।



अर्जुनधारा ४ र ७ मा रहेको नव युवा क्लबको आयोजनामा स्थानीय अर्जुनधारा खेलमैदानमा आयोजित प्रतियोगितामा आयोजकका लागि कप्तान पुष्प मादेनले खेलको २१औं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए भने ३३औं मिनेटमा विशाल खवासले गोल गरेर अग्रता दोब्बर बनाए ।

खेलको सुरुवातदेखि नै दबाबमा राखेको आयोजकले ३०औं पुजन राई गोल गर्दै ३-० को अन्तर निकाले । यस्तै ३७ औं मिनेटमा श्याम मुर्मूले गोल गरे भने खेलको ५२औं मिनेटमा पुजन राईले व्यक्तिगत २ गोल गर्दै ५-० गोलको फराकिलो नतिजा ल्याए । खेलको म्यान अफ दी म्याच श्याम मुर्मू घोषित हुँदै नगद १५ सय पाउन सफल भए ।
खेलकुद क्षेत्रको प्रवर्द्धन एवम् विजया दशमीको अवसरमा आयोजित गोल्डकप आयोजक नव युवा क्लबका अध्यक्ष देवेन्द्र मैनालीको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीको प्रमुख आतिथ्यतामा भएको थियो । सहआयोजक अर्जुनधारा स्पोर्टिङ क्लबका अध्यक्ष अनिश न्यौपानेले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि पराजुली, अर्जुनधारा ७ का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सोमबारको खेल रथखोला फुटबल क्लब दार्जीलिङ र काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरबीच हुने सञ्चार संयोजक कमल पोखरेलले जानकारी दिए । प्रतियोगिताको विजेता र उपविजेताले क्रमशः नगद एक लाख एक हजार एक र ५१ हजार एकसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# न्याय पाऊँ



• चेतनारायण श्रेष्ठ

दमक-३ बस्ने रिना श्रेष्ठ कोठा भाडा लिएर बेलडाँगीमा बस्दै आएको रहेछ। भेटघाट सामान्य मात्र भएको थियो । विवाहको प्रस्ताव उनैले राखेको ।
अगाडीको श्रीमानसंग भेटघाट फोन सम्पर्क नभएको ८ वर्ष भएको रहेछ । वारम्वार घरमा आउने फोन गर्ने । त्यसैले विवाह गरैं । पछि झापा भद्रपर-१० मा आई सानो चिया पसल गरी बसैं । श्रीमती रिनाले श्रीमानसंग डिभोर्स गरेर मसंग आएपछि अगाडीकै श्रीमानसंग फोन सम्पर्क भेटघाट अपरिचित व्यक्तिको फोन त कति हो कति, मैले कुनै वास्तै गरिनँ । मेरो छोरीको जायजन्म भैसकेको थियो। पसल गर्न छोडेर बिर्तामोड-७ रन्जन प्रसाईको घरमा बसी अधिया खेती गरि बसेको समयमा दमक १ मा आठ धुर घर जग्गा बेची श्रीमती रिनाको नाममा भद्रपुरको बाणिज्य बैंकमा ३ लाख राखेको थिएँ । त्यो पैसा निकालेर अर्के व्यक्तिलाई दिएछन्। २०७५ भदौमा म श्रीमान विरुद्धमा बस्दिनँ भनेर सम्बन्ध विच्छेदको निवेदन दिएछ । ३ महिनापछि मात्र थाहा भयो कसलाई दिएको छ पैसा? मागेर ल्याऊ भनैं । मसंग वारम्वार झगडा गरिरहने । २०७५ साल माघ १० गते माईती झिकाई कुटपिट गरी सामान लिई माइती गएको। अगाडी ५ पटकसम्म आफै कोठा छोडी जाँदै आउदै गरेको । चावी फोरेको ।मलाई थाहा नदिई ३ महिनाको गर्भपतन गराएको ।
अर्को साल ४ महिनाको गर्भपतन गराएकी थिइन् । मुद्दा जित्छ भन्दै वकिललाई ४० हजार दिएको छु भनेर धम्क्याएको । फेरि ७६ साल जेठ १७ गते मानिस लगाई दमक घरमा आएको, विरामी छोरीको मुख हेरेर राखैं । मलाई सहयोग गर्ने कोही पनि थिएन । बस्दै जाँदा पैसा ल्याऊ घर बनाऔं मिलेर बसौ भनैं । पैसा नआएपछि २०७७ असारमा मेरो घर बेचेको पैसा पाऊँ, छोरीलाई म आफै पाल्छु भनेर प्रतिउत्तर निवेदन लेखी झापा जिल्ला अदालतमा मुद्दा दर्ता गराएको हो। पहिले श्रीमतीले डिभोर्स मागेमा सम्पति लान पाउँदैन कानुनमा छ भन्छ । अंश पाईसकेको भनेर फैसलामा छ । २०७८ साल भदौ ३१ गतेको पेसीमा घर बेचेको पैसा, ६ लाख ६१ हजार १०० घरबाट हिनामिना भएको । छोरीलाई आफै पालनपोषण गरिपाऊँ भनेर बयान गरैं । सम्मानित न्यायाधीश ज्यूबाट कानूनवमोजिम सम्बन्ध विच्छेद भयो । बाँकी पैसा न्यायपालिकामा बोलाई छलफल गराई लिन भन्ने आदेश भएको थियो । २०७५ साल भदौमा श्रीमती रिनाले सम्बन्ध विच्छेदको लागि दिएको निवेदन स्थगित राखी २०७७।०६।०४ गते दिएको मेरो निवेदन अगाडी बढाई अंशबन्डा भईसकेको भनेर फैसलामा छ ।

श्रीमान् श्रीमतीको मुद्धा हेर्ने एउटै वकिल जिल्ला अदालत बारबाट हेरेका थिए । छोरीलाई भेटघाट गर्न २०७८।०५।०८ वाट दिएको छैन ।कतिसम्म न्याय पाउँछु, न्याय दिलाई पाऊँ श्रीमान् ।
तेरो छोरी होइन भनेर अदालतमा बोलेको । नवा लाख छोरीको नाममा खाता खोली नेपाल बैंक दमक शाखामा ३ लाख राखेको पैसा दमक-३ वडा कार्यालयबाट म हुँदाहुँदै छैन भनी सिफारिस बनाई पैसा निकालेको । घरबाट ३१,५०० थाहा नदिई झिकेको, ५ वटा बाख्रा मेरो हो भनी ३० हजारमा बेचेको।
छोरीलाई भेटघाट गर्न फोनमा बोल्न नदिएको, छोरीलाई बहिनीको कोठामा छोडेको, यातना दिएर कोठामा थुनेर राखेको, खान लाउन शिक्षावाट वन्चित गराएकाले छोरी तुरुन्तै झिकाई आफै पालनपोषण गरि पाऊँ । आफ्नो घर दमक आउन जान समेत डर त्रास गराएको । भद्रपुर-१० हरि दाहालको घर भाडामा बसी बुनितो गरी जीवन निर्वाह गर्दै आएको छु ।
त्यहाँ पनि वाईकमा मानिस लिएर मलाई देखाउन आएको थियो । उनैको सलाह अनुसार विवाह गरैं, घर बेचैं, उद्धार गरैं, यहि नै मेरो ठूलो गल्ती भयो।

जस्तो भयो त्यस्तै बयान गरेको छ । वकिल साव, माफ गरिदिनु होला । झुटा भए सार्वजनिक गरि पाऊँ । ममाथि कुनै सामाजिक चलखेल नहोस । राजनीतिक षडयन्त्र नहोस, न्याय पाऊँ ।

(यो लेखको सम्पूर्ण जवाफदेही लेखक चेतनारायण श्रेष्ठ हुनेछ-सम्पादक)

# युरो किड्सको कम्पिटिसनमा रमाए विद्यार्थीहरु

बिर्तामोड(प्रस) । बिर्तामोड ३ भगवान चोकस्थित युरो किड्सले विद्यार्थीहरुलाई फेन्सी ड्रेस कम्पिटिसन गराएको छ । प्रत्येक वर्ष त्यस किसिमको प्रतियोगिता गराउँदै आएको युरो किड्सले यस वर्ष एनिमल थिमेटिक प्रतियोगिता गराएको हो । प्रतियोगितामा युरो नर्सरी, युरो जुनियर र युरो सिनियर कक्षाका ३८ जना विद्यार्थीहरुले भाग लिएका थिए । विभिन्न जनावरको जस्तो लुगा लगाएर जनावरको जस्तो हाउभाउ गर्ने र बोली निकाल्ने प्रतियोगितामा युरो नर्सरी , युरो



जुनियर र युरो सिनियर कक्षाका ३८ जना विद्यार्थीहरुले भाग लिएका थिए । प्रतियोगिताको निर्णायकमा अभिभावकहरुलाई नै राखिएको प्रिन्सिपल पूजा उपाध्यायले बताइन् । उनले उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिएको जानकारी दिइन् । युरोपेली प्रविधिबाट पठनपाठन गराउन मुम्बईमा रहेको युरोकिस्ट इन्टरनेशनलअन्तर्गत १२ सयवटा शाखा रहेका छन् । पूर्वी नेपालमा विराटनगर र बिर्तामोडमा गरी दुईवटा मात्र शाखा रहेको प्रिन्सिपल उपाध्यायले बताइन् । ब्रान्डेड स्कूलको रुपमा स्थापित युरो किड्सप्रति अभिभावकहरुको आकर्षण बढ्दो छ। २०७६ सालको सरस्वती पूजाको दिन स्थापित युरो किड्समा हाल ४८ जना विद्यार्थी छन् । विद्यार्थीहरुको मानसिक र शारीरिक विकास गरी उनीहरुको आत्मबिश्वास बृद्धि गर्न विद्यालयले विभिन्न गतिविधिहरु गर्ने गरेको प्रिन्सिपल उपाध्यायले बताइन् ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
| --- | --- | --- | --- | --- | --- | --- |
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** सामूहिक तथा रमाइलो सफल यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ ।

**वृष** भाग्यले विभिन्न अवसर जुराउनेछ । कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**मिथुन** रोकिएका काम पूरा हुन सक्छ । धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ ।

**कर्कट** आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ ।

**सिंह** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।

**कन्या** लगनशीलताले अवसर दिलाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ।

**तुला** स्वादिष्ट भोजनको विशेष अवसर मिल्नेछ । सवारीसाधन खरिद गर्ने योग छ ।

**वृश्चिक** स्वास्थ्यसम्बन्धी चिन्ता बढ्नेछ । सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**धनु** घरमा अतिथिको आगमन हुनेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्

**मकर** महत्वपूर्ण कामको थालनी हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै

**कुम्भ** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**मिन** आज अनावश्यक काममा धन लगानी गर्नु पर्नेछ, सकेसम्म जोगिनुहोला ।